## गणक आवश्यकता सम्बन्धी देवानगञ्ज गाउँपालिकाको सूचना

सूचना जारी मितिः २०८२/०८/२८

कोशी प्रदेश सरकार, खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय, एस.एन.भी. तथा यस **देवानगञ्ज गाउँपालिका** बीच भएको त्रिपक्षीय समझदारी अनुसार एन वास एम आई एस (N-WASH MIS) एप्लीकेशनमार्फत जलवायु उत्थानशिल खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (CR-WASH Plan) तयारी गर्नका लागि सामाजिक गणक तथा प्राविधिक गणक आवश्यक परेकाले इच्छुक व्यक्तिहरूबाट दरखास्त आह्वान गरिएको छ।

**१.मागिएको पदहरू**

क) सामाजिक गणक (Social Enumerator)-७ (सात)जना (प्रत्येक वार्डको लागि १ जना)

**आवश्यक योग्यताः**

- एस.इ.इ. ((S.E.E) उत्तीर्ण भएको ।
- स्थानीय क्षेत्र (गाउँपालिका) का बासिन्दालाइ विशेष ग्राह्यता दिइने छ ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) सम्बन्धी काममा अनुभव ।
- NWASH–MIS एप्लीकेशन वा यस्तै मोबाइल एप प्रयोग गरी तथ्यांक संकलन गरेको अनुभव ।
- एन्ड्रोइड मोबाइल फोन मार्फत तथ्याङ्क संकलन गरिने भएको एन्ड्रोइड फोन अनिवार्य छ ।

ख) प्राविधिक गणक (Technical Enumerator) — केहि संख्यामा ।

**आवश्यक योग्यताः**

- इन्जिनियरिङ्ग सम्बन्धी विषय अध्ययन गरेको वा खानेपानी, सरसफाइ तथा स्वच्छता(WASH) क्षेत्रमा राम्रो ज्ञान दखल भएको ।
- N-WASH एप्लीकेशन मार्फत खानेपानी योजनाहरूको इन्भेन्ट्रि तथा डाटा सङ्कलन गरेको अनुभव ।
- एन्ड्रोइड मोबाइल फोन मार्फत तथ्याङ्क संकलन गरिने भएको एन्ड्रोइड फोन अनिवार्य छ ।
- स्थानीय क्षेत्र (गाउँपालिका) का बासिन्दालाइ विशेष ग्राह्यता दिइने छ ।
- फिल्डमा हिंडडुल गर्न सक्ने ।

**२. निवदेन साथ पेश गर्न पर्ने आवश्यक कागज पत्रहरु**

- व्यक्तिगत विवरण Curriculum Vitae
- शैक्षिक योग्ताको प्रमाण पत्रको प्रतिलिपि
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- अनुभवको प्रमाण पत्र (भएमा)
- प्यान कार्डको प्रतिलिपि

**३. दरखास्त बुझाउने स्थान र समय**

माथिको योग्यता पुगेको इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिबाट **१५ दिनभित्र** गाउँपालिकाको कार्यालय मा दरखास्त दर्ता गराउनु पर्नेछ। रित नपुगी आएको दरखास्त उपर कुनैपनि कारवाही गरिने छैन । उमेद्वारको अन्तिम छनौट गर्ने नगर्ने अधिकार गाँउपालिकामा निहित रहने छ ।

**४. छनौट प्रक्रिया**

उमेद्वारको अन्तिम छनौट योग्यताको मूल्यांकन तथा अन्तर्वार्ता मार्फत छनोट गरिनेछ।

**५. सूचना सम्बन्धी थप जानकारी**

थप जानकारीका लागि गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

.......................................

हरिनन्दन मेहता

(संयोजक)